# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
## बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७८/०७९

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२५)*

मरिण गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र आवश्यक विवरण र राजस्व तिरेको रसिद सहित रितपूर्वक फारम भरी दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | पद | विज्ञापन नं. | माग पद संख्या | पारिश्रमिंक तथा सेवा सुविधा (मासिक रु.) | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोजगार सहायक | ०९/०७८/०७९ | १(एक) | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | ५००।- | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३(तीन) महिनाको तालिम लिएको ।

२. **दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरुः-** नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, तालिमको प्रमाणपत्रको प्रतिलिपि, अनुभव भए सोको प्रमाणित कागजात र २ (दुई) प्रति पासपोर्ट साइजको फोटो ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७८/११/१० गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ ।

४. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः-** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक लि. कपिलाकोट शाखामा रहेको यस मरिण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१३००२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटि नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

५. **परीक्षाको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित तथा प्रयोगात्मक परीक्षा ।

६. **परीक्षाको मिति, समय र स्थानः-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७(सात) दिन भित्र प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिनेछ तथा लिखत एवं प्रयोगात्मक परीक्षा हुने मिति, समय र स्थान सोहि दिन तोकिनेछ ।

७. **दरखास्त पेश गर्ने स्थानः-** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।

८. **करार अवधिः-** रोजगार सहायकको करार अवधि एक वर्षको हुनेछ ।(कार्यसम्पादनको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले करार अवधि एक वर्ष नबढ्ने गरी थप गर्न सक्नेछ ।)

९. **कार्यविवरणः-** गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः- रोजगार सहायक पदको लागि निर्धारण गरिएको आवेदनको ढाँचा एवं पाठ्यक्रम गाउँपालिकाको वेभसाईट www.marinmun.gov.np मा उपलब्ध गराईएको छ ।*